"हामी पौवादुङमाली, मानव विकास पूर्वाधारले ल्याउँछौं खुशीयाली"

# पौवादुङमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

पत्र सं.:-२०८१/०८२ प्रशासन शाखा

## तहबृद्धि तथा बढुवाका लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना

(प्रकाशित मिति २०८२/०२/२६)

कोशी प्रदेश सरकार द्वारा जारी भएको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा - २७ र २८ बमोजिम योग्यता पुगेका यस गाउँपालिका र मातहतको कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुले तहबृद्धि तथा बढुवा सम्वन्धी कार्याविधि, २०८१ को दफा ३ (१) बमोजिम यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र तपसिलमा उल्लेखित कागाजातहरु सहित यस कार्यालयमा दरखास्त पेश गर्न हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

१. निवेदन साथ पेश गर्नु पर्ने आबश्यक कागाजातहरुको विवरण :

- स्थानीय सरकारी सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धि सम्बन्धी कार्यविधी-२०८१ को दफा - ३ (२) को अनुसूचि - १ बमोजिमको निवेदन,
- सेवा अवधी पुष्टि गर्ने स्थायी नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपी,
- समायोजन भएको पत्र वा संघीय लोक सेवा आयोगबाट सिफारिस र नियुक्ति पत्रको प्रतिलिपी,
- सरुवा/रमाना भई आएको भए सोको प्रतिलिपी,
- आवश्यक शैक्षिक योग्यताको प्रतिलिपी,
- विभागीय सजायँ नपाएको, निलम्बनमा नपरेको र हालसम्म तहबृद्धि नभएको स्व.घोषणा पत्र
- पछिल्लो ३ बर्षको कार्य सम्पादन मूल्याङ्कन
- पेशा सम्वन्धी व्यवसायी परिषदले उपलव्ध गराउने प्रमाणपत्रको प्रतिलिपी (आवश्यक हुनेहरुको हकमा मात्र)
- ऐनको दफा - २७ (४) बमोजिमको तहबुद्धि सिफारिस समितिले माग गरेका अन्य थप कागाजातहरु ।

प्रमुख प्रशासकीय अधिकृत

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत